बैठक संख्या : १६.

आज मिति : २०७४ साल चैत्र ७ गते बुधबार यस मिक्लाजुङ गाउँपालिकाका अध्यक्ष श्री देवी प्रसाद आचार्यज्यूको अध्यक्षतामा मिक्लाजुङ गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितीमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिती :

अध्यक्ष श्री देवीप्रसाद आचार्य

उपाध्यक्ष श्री सरला राई

वडा अध्यक्ष (वडा नं. १) श्री नरबहादुर राई

वडा अध्यक्ष (वडा नं. २) श्री गौरीप्रसाद राई

वडा अध्यक्ष (वडा नं. ३) श्री खगेन्द्र मादेन लिम्बु

वडा अध्यक्ष (वडा नं. ४) श्री बुद्धिमान लिम्बु

वडा अध्यक्ष (वडा नं. ५) श्री रुद्र लिङ्देन

वडा अध्यक्ष (वडा नं. ६) श्री बुद्धिलाल निरौला

वडा अध्यक्ष (वडा नं. ७) श्री सुशिलराज चौहान

वडा अध्यक्ष (वडा नं. ८) श्री नगिन्द्र कार्की

वडा अध्यक्ष (वडा नं. ९) श्री सोमनाथ अधिकारी

कार्यपालिका सदस्य श्री जुना खड्का

कार्यपालिका सदस्य श्री सारदा मगर

कार्यपालिका सदस्य श्री पवित्रा बराईली

कार्यपालिका सदस्य श्री मीनाकुमारी विश्वकर्मा

कार्यपालिका सदस्य श्री गोपाल विश्वकर्मा

कार्यपालिका सदस्य श्री बालिका विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत श्री युवराज आचार्य

लेखापाल श्री राजेश खतिवडा

प्र. युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु :

निर्णय नं. १ : यस गाउँपालिकाद्वारा खरिद गरेको व्याक हो लोडर संचालन गर्न अपरेटर करारमा नियुक्ती गर्नका लागि यस अघि सार्वजनिक सूचना प्रकाशन गरिएकोमा म्याद भित्र पर्न आएका निवेदन दिन आएका निवेदकहरुलाई प्रयोगात्मक परीक्षा लिई उपयुक्त व्यक्तिलाई अपरेटरमा नियुक्ती गर्ने, हेल्परको लागि अपरेटरले नै व्यवस्था गर्ने गरी करार सम्झौता गर्ने, हेल्परको खर्च बाहेक अपरेटरलाई मासिक तलब रु. १०,०००। (दश हजार मात्र) र काम भएको समयमा प्रतिघण्टा रु. ६५। (पैसठ्ठी मात्र) खाजा खर्चको रुपमा उपलब्ध गराउने निर्णय गरियो । साथै यस गाउँपालिकाले तयार गरेको **भारी सवारी (व्याक हो लोडर तथा ट्रिपर) संचालन कार्यविधि, २०७४** समेत पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. : २ मिम्लाजुङ गाउँ कार्यपालिकाद्वारा तयार गरिएका **बजार अनुगमन निर्देशिका, २०७४** पारित गर्ने र उक्त निर्देशिका आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो । साथै उक्त निर्देशिकामा रहेका समितिहरु तत्काल गठन गरी कृयाशिल बनाउने निर्णय गरियो ।

निर्णय नं. ३ : यस गाउँपालिकाले तयार गरेका निम्न कार्यविधिहरु पारित गरी लागू गर्ने र आगामी गाउँसभाबाट यस्ता कार्यविधि अनुमोदन गराउने निर्णय गरियो ।

क) मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७४

ख) फोहोर मैला व्यवस्थापन कार्यविधि, २०७४

ग) विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७४

घ) स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

निर्णय नं. ४ : निम्न ऐन, नियम, कार्यविधि, दिग्दर्शन, निर्देशिकाहरुको मस्यौदा निम्न समितिमा छलफल गरी सुझाव समेत समावेश गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न सम्बन्धित समितिमा पठाउने निर्णय गरियो ।

क) कृषि व्यवसाय प्रबर्द्धन ऐन, २०७४ को मस्यौदा (विधेयक) आर्थिक विकास समितिमा ।

ख) स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को मस्यौदा पूर्वाधार विकास समितिमा ।

ग) आर्थिक कार्यविधि नियमित, व्यवस्थित गर्ने ऐन, २०७४ को मस्यौदा (विधेयक) आर्थिक विकास समितिमा ।

निर्णय नं. ५ : यस गाउँपालिका क्षेत्र भित्र कृषि तथा पशु विकास कार्यक्रमको पकेट क्षेत्र थप गर्न कुन उत्पादन क्षेत्रलाई थप गर्ने हो ? आवश्यक अध्ययन अनुसन्धान साथै अनुगमन गरी थप उत्पादन क्षेत्र छनौट गरी सिफारिस गर्न आर्थिक विकास समितिलाई जिम्मेवारी दिने साथै प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमको लाभग्राही व्यक्ति, फर्म वा संस्था छनौटको लागि यस अघि सार्वजनिक

युवराज आचार्य
प्रशासकीय अधिकृत

सूचना प्रकाशन गर्दा सूचनाको म्याद भित्र पर्न आएका निवेदनहरु मध्ये लाभग्राही उपयुक्त व्यक्ति, फर्म वा संस्था छनौट गर्न पनि सोही समितिलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं. ६ : यस गाउँपालिकामा विभिन्न कार्यक्रम संचालन गर्न तथा विविध कियाकलापहरुको लागि विभिन्न व्यक्ति, फर्म तथा संस्थाहरुले निवेदन दिएकोमा दिईएका निवेदनहरुको लागि रकम उपलब्ध गराउनु पर्ने उपयुक्तता र कार्यालयमा रहेको रकम उपलब्धता समेतलाई मध्येनजर गरी खर्च शिर्षक समेत मिल्ने गरी रकम सिफारिस गर्न निम्न समिति गठन गर्ने र उक्त रकम भुक्तानी गर्ने साथै भुक्तानी गरिएको रकम अनुमोदनको लागि कार्यपालिका बैठकमा कार्यपालिका कार्यालयले पेश गर्ने निर्णय गरियो ।

क) गाउँपालिका अध्यक्ष –संयोजक

ख) गाउँपालिका उपाध्यक्ष –सदस्य

ग) वडा नं. ४ वडा अध्यक्ष –सदस्य

घ) वडा नं. ७ वडा अध्यक्ष –सदस्य

ङ) लेखापाल, गाउँ कार्यपालिका कार्यालय –सदस्य

निर्णय नं. ७ : आजको कार्यपालिका बैठक चली रहेको अवस्थामा एजेण्डाहरु उपर छलफल हुँदै गरेको अवस्थामा वडा नं. ३ का वडा अध्यक्षज्यूबाट बैठकको नियम, विधि र प्रचलित मान्यताको विपरित केही अमर्यादित व्यवहार प्रदर्शन भएको सन्दर्भमा यस बैठकमा व्यापक छलफल भएको र छलफल पछि वडा नं. ३ को वडा अध्यक्षज्यू स्वयंबाट गल्ती नगर्ने मान्छे हुँदैन भन्ने भनाईकासाथ आत्मआलोचना गर्दै माफी माग गर्नु भएको र सो पश्चात गाउँपालिका अध्यक्षज्यूबाट मानवीय व्यवहारमा कहिलेकाँही यस्तो हुन सक्ने भन्दै सबै सदस्यज्यूहरुलाई सामान्य रुपमा लिन आग्रह गरेपछि बैठक पुन संचालन भयो ।

निर्णय नं. ८ : भोली चैत्र ८ गते यस गाउँपालिकाको वडा नं. २,३ र ४ मा इलाका प्रशासन कार्यालय, उर्लाबारीबाट नागरिकताको घुम्ती टोली संचालन गर्ने भएकोले उक्त कार्यक्रमका लागि आवश्यक रकम खर्चको बिल भरपाई बमोजिम भुक्तानी दिने र घुम्ती टोलीलाई वडा समिति तथा गाउँपालिका जनप्रतिनिधि र कर्मचारी सबैले सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : यस गाउँपालिकाको सार्वजनिक सेवा तथा क्षमता विकास समितिले बैठक बसी निर्णयका साथ पारित गरी यस कार्यपालिकाको बैठकमा पेश भएका सुझाव तथा निर्णय कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : यस कार्यालयले भाडामा लिएको सवारी साधनका सवारी चालक महाप्रसाद खड्काले कार्यालय समय भन्दा अघिपछि र सवारी साधन चलाउने भन्दा बढी कार्यालयको काममा पनि निरन्तर र इमान्दारिताका साथ कार्य सम्पादन गरेकोले निजलाई प्रोत्साहन स्वरुप चैत्र १ गते देखि लागू हुने गरी मासिक रु. १२,०००। (रु. बाह्र हजार मात्र) जिवन निर्वाह खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११ : जिल्ला समन्वय समितिको कार्यालय, मोरङको च.नं. २०५४ मिति : २०७४/११/२० गतेको पत्रानुसार उर्लाबारी नगरपालिकाको शान्तिटोल देखि रतुवामाई नगरपालिकाको सिंगारी सम्म तटबन्ध निर्माणको लागि ३५०० घ.मी. ढुङ्गा मिक्लाजुङ गा.पा. क्षेत्रको नाकाबाट उपलब्ध गराउने भनी भूमी कन्स्ट्रक्सन प्रा.लि., कटहरी, मोरङलाई पत्राचार गरी यस कार्यालयलाई बोधार्थ प्राप्त भएको सन्दर्भमा यस गाउँपालिका क्षेत्रबाट रातिको समयमा नदीजन्य पदार्थहरुको अबैद्य निकासी हुँदै गरेको सार्वजनिक गुनासो आएको र त्यसरी अबैद्य निकासी हुँदा स्थानीय सरकारले पाउने राजस्व गुमेको अवस्था छ । अबैद्य निकासी नियन्त्रण गर्न, नदीजन्य पदार्थ उत्खनन् र निकासी कार्यले वातावरणमा प्रतिकुल असर नपर्ने गरी सावधानी अपनाउन तथा निकासी भएको नदीजन्य पदार्थलाई राजस्वको दायरामा ल्याउनको लागि गाउँपालिकाबाट केही न केही पहल कदमी लिनु जरुरी भएको अवस्थामा जिल्ला समन्वय समिति, मोरङको पत्राचारबाट थप आधार निर्माण भएकोले यस गाउँपालिका क्षेत्रका वडा नं. ५ को धानखेती नाका, वडा नं. ६ को माने नाका, वडा नं. ६ को लालमाटी नाका, वडा नं. ६ को खाबेझोडा नाका, वडा नं. ७ को मलामीटहरा नाका र वडा नं. ८ को तोरीबारी नाकाबाट वातावरणमा प्रतिकुल असर नपर्ने गरी, गाउँपालिकाले निरन्तर अनुगमन गर्ने र निम्न शुल्क लिने गरी नदीजन्य पदार्थ प्रचलित संघ, प्रदेश तथा स्थानीय कानून बमोजिम निकासी गर्न अनुमती दिने र सो को लागि प्रचलित कानून बमोजिम ठेक्का लगाई राजस्व संकलन गर्ने समय अत्यन्तै कम भएकोले अमानतबाट राजस्व असुल उपर गर्ने साथै संकलनकर्ता छनौट र निगरानी गर्नको लागि वडा समितिको कार्यालयलाई जिम्मेवारी दिने निर्णय गर्नुका साथै संकलित राजस्व प्रत्येक तीन दिनमा गाउँपालिकाको संचित कोषमा जम्मा गर्ने जिम्मेवारी पनि वडा समितिको कार्यालयलाई प्रदान गर्ने निर्णय गरियो।

निम्न :

ढुङ्गा : प्रति ट्याक्टर रु. १,०००। (एक हजार मात्र), प्रति टिपर रु. २,०००। (दुई हजार मात्र) ।

मिक्स गिट्टी : प्रति ट्याक्टर रु. २५०। (दुई सय पचास मात्र), प्रति टिपर रु. ५००। (पाँच सय मात्र) ।

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत